# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको
# अठारौँ वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु

(कम्पनी ऐन, २०६३ को दफा ७५(३) सँग सम्बन्धित)

१. **वैधानिक सभा:**

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको मिति २०८२ पौष ०८ गते बसेको सञ्चालक समितिको १०८९ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री राधिका अर्यालको अध्यक्षतामा यस निर्णय पुस्तिकाको खण्ड-२ मा उल्लेख भएको मिति, समय तथा स्थानमा तोकिएका विषयहरु उपर छलफल र निर्णयहरु भई कम्पनीको अठारौँ वार्षिक साधारण सभा सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान:**

मिति : २०८२ साल पौष ३० गते बुधवार, (तदनुसार १४ जनवरी २०२६)
समय : बिहान ११:०० बजे
स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं ।

३. **सभाको सूचना:**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम कम्पनीको अठारौं वार्षिक साधारण सभाको सूचना २०८२/०९/०९ र २०८२/०९/१० गतेका गोरखापत्र दैनिकमा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त कम्पनीको वेबसाइट www.ntc.net.np मा कम्पनीको आ.व. २०८१।८२ को वार्षिक प्रतिवेदन तथा सभासम्बन्धी सूचना राख्ने व्यवस्था गरी सेयरधनी महानुभावहरुको ठेगानामा समेत साधारण सभासम्बन्धी सूचना सहितको वार्षिक प्रतिवेदन पठाइएको थियो ।

४. **छलफलका विषयहरु:**

कम्पनीको अठारौं वार्षिक साधारण सभामा छलफलका लागि देहायका विषयहरु तोकिएको थियो ।

१. **साधारण प्रस्ताव:**

क) आर्थिक वर्ष २०८१।८२ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को नाफा नोक्सान हिसाव एवं नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

ग) लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था बमोजिम महालेखापरीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान अनुरुप कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२।८३ को लागि कम्पनीको लेखापरीक्षक नियुक्ति गर्ने र निजहरुको पारिश्रमिक निर्धारण तथा नियुक्तिका अन्य शर्तहरु निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

घ) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएपश्चात कम्पनीको आर्थिक वर्ष २०८१।८२ को मुनाफा रकममध्येबाट सेयरधनीहरुलाई नगद लाभांशमा लाग्ने करसमेत प्रतिसेयर रु ३०।- (अक्षरेपि तीस रुपैयाँ मात्र) का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. **विविध:**

५. **उपस्थिति:**

**क) कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरु:**

| | |
|---|---|
| १. श्री राधिका अर्याल | अध्यक्ष (सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय) |
| २. श्री सविना मास्के प्रधान | सञ्चालक (निमित्त प्रबन्ध निर्देशक, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड) |
| ३. श्री टंक प्रसाद पाण्डेय | सञ्चालक (सहसचिव, अर्थ मन्त्रालय) |
| ४. श्री अरुणा जोशी | सञ्चालक (सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय) |
| ५. श्री सुवास चन्द्र शिवाकोटी | सञ्चालक (सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| ६. श्री मनषि जङ्ग जोशी | सञ्चालक (सर्वसाधारण सेयरधनी प्रतिनिधि) |
| ७. श्री लोक बहादुर कटुवाल | सञ्चालक (कर्मचारी प्रतिनिधि) |

**ख)** कम्पनी सचिव श्री द्वारिका प्रसाद पौडेल — नायव प्रबन्ध निर्देशक, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव

ग) प्रतिनिधि, पर्यवेक्षक एवं आमन्त्रित अन्य पदाधिकारीहरुको उपस्थिति:

| | |
|---|---|
| १. श्री निर्मला थापा | प्रतिनिधि, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| २. श्री लक्ष्मिप्रसाद उपाध्याय | प्रतिनिधि, अर्थ मन्त्रालय |
| ३. श्री खेमराज जोशी | प्रतिनिधि, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ४. श्री सरिता अधिकारी | प्रतिनिधि, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ५. श्री प्रमोद सिंखडा | प्रतिनिधि, महालेखा नियन्त्रक कार्यालय |
| ६. श्री विनोद रोका | प्रतिनिधि, सूचना तथा प्रसारण विभाग |
| ७. श्री रिता पाठक | प्रतिनिधि, नागरिक लगानी कोष |
| ८. श्री लोकनाथ घिमिरे | पर्यवेक्षक, महालेखापरीक्षकको कार्यालय |
| ९. श्री रचिता आचार्य | पर्यवेक्षक, नेपाल दूरसञ्चार प्राधिकरण |
| १०. श्री रश्मी तिवारी | पर्यवेक्षक, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड |
| ११. चा.ए. श्री प्रकाश जङ्ग थापा | लेखापरीक्षक, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड |
| १२. डा. गजेन्द्र अर्याल, अधिवक्ता | कानूनी सल्लाहकार, नेपाल टेलिकम |

घ) सेयरधनी उपस्थिति:

संस्थापक : ७ जना

सर्वसाधारण : ४१४ जना

**जम्मा उपस्थित संख्या: ४२१ जना**

## ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

उपस्थित सेयरधनी संख्या: ४२१

उपस्थित सेयरधनीले ग्रहण गरेको सेयर संख्या :

| | |
|---|---|
| (क) संस्थापक सेयर : | १६,४७,५३,१६० |
| (ख) सर्वसाधारण सेयर : | २,२५,३१५ |
| **कुल सेयर संख्या :** | **१६,४९,७८,४७५** |
| **कुल सेयरको प्रतिनिधित्व:** | **९१.६५ प्रतिशत** |

## ७. सभाको वैधानिकता:

सर्वप्रथम कम्पनी सचिव श्री द्वारिका प्रसाद पौडेलले कम्पनीको अठारौं वार्षिक साधारण सभामा सम्पूर्ण सेयरधनी महानुभावहरुलाई सञ्चालक समिति तथा कम्पनी व्यवस्थापनको तर्फबाट हार्दिक स्वागत गर्दै कम्पनीको अठारौं वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम ११ मा रहेको प्रावधान बमोजिम गणपूरक संख्याको लागि कुल सेयर संख्याको ५० प्रतिशतभन्दा बढी सेयरको प्रतिनिधित्व हुनेगरी कुल सेयरधनीहरुमध्ये ३ जना सेयरधनीहरु स्वयं वा प्रतिनिधिद्धारा उपस्थित हुनुपर्ने प्रावधान रहेबमोजिम गणपूरक संख्या पुगिसकेको जानकारी दिँदै कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सभा वैधानिक भएको जानकारी सभासमक्ष गराउनुभयो । साथै कम्पनी सचिवले सभा सञ्चालनको लागि सभाका अध्यक्षलाई अनुरोध गर्नुभयो ।

## ८.सभाको अध्यक्षता:

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको अध्यक्षता गर्ने प्रावधान भएअनुसार यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री राधिका अर्यालले सभाको अध्यक्षता गरी सभा सञ्चालन गर्नुभयो ।

## ९.अठारौं वार्षिक प्रतिवेदनको प्रस्तुति:

सभाका अध्यक्ष श्री राधिका अर्यालले सञ्चालक समितिको तर्फवाट अठारौं वार्षिक साधारण सभामा उपस्थित सबै सेयरधनीहरुलाई स्वागत गर्दै छलफल हुने विषयको कार्यसूची राष्ट्रियस्तरको पत्रिकामार्फत जानकारी गराई वार्षिक प्रतिवेदनमा समेत उल्लेख गरिएको ब्यहोरा जानकारी गराउनुभयो । उहाँले वार्षिक गतिविधिका वारेमा प्रकाश पार्दै दूरसञ्चार क्षेत्रमा बढेको तीव्र प्रतिस्पर्धाका कारण सेवाहरुको उपभोक्ता मूल्यमा आएको गिरावट, बढ्दोरुपमा विद्यार्थी तथा श्रमिक वर्ग विदेशिने क्रम जारी रहेकाले उपभोगस्तरमा देखिएको यथास्थितिले दूरसञ्चार क्षेत्रमा चुनौतीहरु सिर्जना भएपनि कम्पनीको वार्षिक कार्ययोजना र लक्ष्य अनुरूप पूर्वाधार एवं सञ्जाल बिस्तार सन्तोषजनक रहेको बताउनुभयो । विश्व अर्थतन्त्र र घरेलु अर्थतन्त्रमा देखिएका नकारात्मक सूचकाङ्कका वावजुद निर्वाधरूपमा सेवा सञ्चालनमार्फत सापेक्षितरूपमा आफ्नो व्यावसायिक मर्यादा र साख वृद्धि गरी वित्तीय स्थिरता कायम राख्न सकेकोमा सन्तोष व्यक्त गर्दै हामी सबैको लागि खुशीको विषय भएको बताउनुभयो । आन्तरिक तथा बाह्य वातावरणमा देखिएका विविध प्रतिकूलताका बिच कम्पनीले कुल रु. ३८.१९ अर्व आम्दानी गरी रु. ६ अर्व ६७ लाख मुनाफा आर्जन गर्न सफल भएको

व्यहोरा जानकारी गराउनुभयो । कम्पनीले कर र शुल्क तथा फ्रिक्वेन्सी एवं लाइसेन्स दस्तुरबापत रु. १८ अर्ब ४६ करोड राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याएकोमा खुशी व्यक्त गर्दै, कम्पनीको कुल आयमा बढोत्तरी नभएता पनि सञ्चालन खर्चमा मितव्ययिता अपनाई विगतको तुलनामा सुधार हुन गएकोले हामीलाई थप हौसला प्राप्त भएको बताउनुभयो ।

**१०. छलफलमा मन्तव्य व्यक्त गर्नुहुने र लिखितरुपमा सुझाव पठाउनुहुने सेयरधनी महानुभावहरुः**

क. श्री सुभाष खण्डेलवाल
ख. श्री नरसिंह लाल चखूँ
ग. श्री मोहन प्रसाद फुयाँल
घ. प्रा. डा. जेएन पाण्डेय हिमाली
ङ. श्री रोशन बजगाईं
च. श्री निरुपमा गुप्ता
छ. श्री मणि कुमार पोखरेल
ज. श्री तेजनारायण शाह

**११. सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्नुभएको जवाफः**

कम्पनीको अठारौं वार्षिक साधारण सभामा सेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएका चासो चिन्ता एवं शुभेच्छा स्वभाविक भएको र यस्ता विषयहरुले कम्पनीलाई सुधारको मार्गतर्फ निर्देशित गर्ने हुँदा सेयरधनीहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरुको लागि कम्पनीको तर्फबाट र समितिको तर्फबाट हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्नुभयो ।

समग्ररुपमा सेयरधनी महानुभावहरुबाट संस्थागत, कार्यक्रमगत, कानूनी, प्रविधि अवलम्वन र कार्यान्वयन, कर्मचारीका विषय र विशेष गरी सञ्चालक समितिकै विषयहरु उठाउनुभएको छ र सेयरधनीहरुले व्यक्त गरेका चासो, चिन्ता एवं सुझावहरु मध्ये कतिपय विषयमा सञ्चालक समितिमा छलफल गरी सुधारका लागि निर्देशन भइसकेका र संस्थाको सुदृढिकरण र वृहत्तर हितका लागि उचित र सान्दर्भिक विषयहरुलाई गम्भीरतापूर्वक समितिमा छलफलका माध्यमबाट समितिको कार्यक्षेत्रभित्र र समितिले निर्णय गर्नसक्ने विषयहरु समाधान गरिदै लगिने र समितिको अधिकारक्षेत्र बाहिरका विषयहरुका सम्बन्धमा सम्वन्धित निकायहरुमा समन्वय गरी समाधानको पहल गरिने भन्दै सञ्चालक समितिको तर्फवाट सभाका अध्यक्ष श्री राधिका अर्यालले प्रतिबद्धता सहित सक्रिय सहभागिताको लागि सेयरधनी महानुभावहरुलाई हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्नुभयो ।

**१२. साधारण सभाको निर्णयः**

सभामा अध्यक्षले प्रस्तुत गर्नुभएका प्रस्तावहरु साधारण सभाबाट देहाय अनुरुप पारित भयो ।

<u>साधारण प्रस्ताव अन्तर्गतः</u>

क) आर्थिक वर्ष २०८१।८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन ।

ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण र अनुसूचीहरु ।

ग) लेखापरीक्षण ऐन, २०७५ को दफा ११ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२।८३ को अन्तिम लेखापरीक्षणका लागि श्री महालेखा परीक्षकको कार्यालयबाट परामर्श प्राप्त भएपछि सोही बमोजिम लेखापरीक्षक नियुक्त गर्नेगरी मूल्य अभिवृद्धि करबाहेक जम्मा रु.२४,००,०००।- (अक्षरेपि चौबिस लाख रुपैयाँ मात्र) बराबर पारिश्रमिक पाउने गरी कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने ।

घ) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति भएबमोजिम आर्थिक वर्ष २०८१/८२ को कम्पनीको मुनाफा रकम मध्येबाट कम्पनीका सेयरधनीहरुलाई नगद लाभांशमा लाग्ने करसमेत प्रतिसेयर रु.३० ।- (अक्षरेपि तिस रुपैयाँ मात्र) का दरले नगद लाभांश वितरण गर्ने ।

**१३.धन्यवाद ज्ञापन तथा सभा समापनः**

अन्त्यमा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (२) बमोजिम साधारण सभामा राखिएका प्रस्तावहरु पारित भएको घोषणा गरी सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको अमूल्य राय, सुझाव तथा सल्लाहको लागि उहाँहरुलाई हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी अठारौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, कम्पनीका लेखापरीक्षक, कानूनी सल्लाहकार र कर्मचारीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्दै सभाका अध्यक्षले अपरान्ह १:४५ बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

राधिका अर्याल
अध्यक्ष

नेपाल टेलिकम

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव

मिति २०८२ पौष ३० गते बुधवार, राष्ट्रिय सभागृह, काठमाडौं ।